# KIAN हेल्लो खावासकी

अंग्रेजी, चिनियाँ, कोरियन या उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली, तागालोग,
भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली र सजिलो जापानी
संघको  होम पेज (https://www.kian.or.jp/hlkwsk.html) मा हेर्नु होस्।
खावासाकी अन्तर्राष्ट्रिय संघ  २-२ किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी , खानागावा प्रान्त, २११-००३३, जापान
फोन नं.: ०४४-४३५-७००० फ्याक्स नं.: ०४४-४३५-७०१० https://www.kian.or.jp/ ईमेल : kiankawasaki@kian.or.jp

## आय विवरण घोषणा "खाकुतेइ सिन्कोकु" सम्बन्धि

स्थानीय प्राधिकरण अन्तर्राष्ट्रिय संघको होम पेज http://www.clair.or.jp/tagengo/
(अंग्रेजी, जर्मनी, चिनियाँ, कोरियन या उत्तर कोरियन, फ्रेन्च, स्पेनिश, पोर्तुगाली, तागालोग, भियतनामी, इन्डोनेसियाली, थाई, रुसी, बर्मेली भाषाको पेज पनि छ।)



**२०१९ साल जनवरी १ तारिख देखि डिसेम्बर ३१ तारिख** सम्मको आय रकम (आम्दानी तथा खर्च) अनुसार आयकरको लेखा परीक्षण (हिसाब) गरि आय विवरण घोषणा गर्छौं। स्वरोजगार, कृषि, एक भन्दा बढी  व्यवसायमा लागेका व्यक्तिहरु आदिले आय विवरण घोषणा गर्नै पर्ने हुन्छ। तलब लिएर काम गर्ने धेरै जस्तो व्यक्तिहरुले आय विवरण घोषणा गर्न आवश्यक छैन्। तर, तल उल्लेखित गरिएका निम्न व्यक्तिहरुले भने घोषणा गर्नै पर्ने हुन्छ।

- वार्षिक तलब २० करोड येन भन्दा बढी हुने व्यक्ति
- दुई भन्दा बढी ठाउँबाट तलब लिएर काम गर्ने गरेको व्यक्ति आदि



भिसा नवीकरण तथा परिवर्तन गर्दा आय विवरण घोषणा गरेको कागजपत्रको प्रतिलिपि पेस गर्नु पर्ने पनि हुन सक्छ। त्यसैले यसलाई सुरक्षित साथ राख्नुहोस्।

●यदि तपाइँमा निर्भर रहिआएको तपाइँको आफ्नो देशमा बस्ने परिवार छ भने तपाइँले निर्भरता कटौती प्राप्त गर्न सक्नुहुनेछ। यदि निर्भरता कटौती प्राप्त गर्नु भएको छैन् भने कमाई भएको व्यक्तिले पनि आय विवरण घोषणा गरि कर फिर्ती लिऔं।

**घोषणा गर्ने अवधि: २०२०/२/१७ (सोमबार)  -  २०२०/३ /१६ (सोमबार)**

**आय विवरण घोषणा "खाकुतेइ सिन्कोकु" गर्दा आवश्यक पर्ने कुराहरु:**

१. आय विवरण घोषणा फाराम (कर कार्यालयमा राखिएको हुन्छ)  - घोषणा फाराम आदिमा "माई नम्बर" भर्ने ठाउँ हुन्छ।
२. अघिल्लो वर्षको आय रकम थाहा हुने कागजपत्र (कर  कटौती गरेको कागज वा पैसा तिरेको कागजपत्र)  ३. “जाईरियु कार्ड” (जापानको बसाई दर्तापत्र)
४. निर्भरता कटौतीका लागि आवश्यक कागजपत्रहरु ( तपाइँमा निर्भर रहिआएको तपाइँको आफ्नो देशमा बस्ने परिवारको जन्मदर्ता प्रमाणपत्र र उक्त व्यक्तिको नाममा पैसा पठाएको कागजपत्र आदि )
५. स्वास्थ्य बीमा कटौतीको लागि आवश्यक कागजहरु (स्वास्थ्य बीमा कटौतीको प्रमाणपत्र)  ६. चिकित्सा खर्च कटौती (बिलहरु)
७. छाप अथवा हस्ताक्षर आदि

**खावासाकी शहरको आय विवरण घोषणा "खाकुतेइ सिन्कोकु" गर्ने स्थानहरु:**

| कार्यालय | सम्पर्क गर्ने ठाउँ | तपाइँ बस्ने वडा |
|---|---|---|
| खावासाकी उत्तरी कर कार्यालय | २-४-३ हिसामोतो, ताकाचु वडा, खावासाकी (०४४-८५२-३२२१) | नाकाहारा वडा, ताकाचु वडा र मियामाए वडा |
| खावासाकी पश्चिमी कर कार्यालय | १-३-१४ खामीआसो, आसो वडा, खावासाकी (०४४-९६५-४९११) | तामा वडा र आसो वडा |
| खावासाकी दक्षिणी कर कार्यालय | ३-१८ एनोकिच्यो, खावासाकी वडा, खावासाकी (०४४-२२२-७५३१) | खावासाकी वडा र  साईवाई वडा |

●राष्ट्रिय कर कार्यालयको होमपेजबाट अंग्रेजीमा पनि जानकारी प्राप्त गर्न सक्नु हुनेछ।

**आयकरको बारेमा जानकारी होमपेज** https://www.nta.go.jp/english/taxes/individual/12011.htm

****************************************************************************************



## साइकल प्रयोग गर्ने व्यक्तिले उक्त साइकलको बीमा नगरी नहुने

प्रान्तको अध्यादेश अनुसार २०१९ साल अक्टूबर देखि साइकल चलाउनेहरुले पनि साइकल दुर्घटनाबाट अरुलाई घाउचोट पर्न जाने कुरालाई ध्यानमा राखेर उक्त साइकलको बीमा नगरी नहुने नियम लागु भएको छ। यदि तपाइँ अथवा तपाइँको परिवारले प्रयोग गर्दै आएको अन्य बीमामा साइकल पनि समावेस भएको खण्डमा फेरी अर्को बीमा गर्न आवश्यक छैन्।

**बीमा गर्नु पर्ने व्यक्तिहरु:** साइकल प्रयोग गर्ने व्यक्ति, साइकल प्रयोग गर्ने बच्चाहरुको आमाबाबु, कामदारहरुलाई साइकल प्रयोग गर्न दिई काम गराइ राखेका व्यवसायका मालिक आदि


**सम्पर्क (जापानिज भाषामा मात्र): ०४५-२१०-३५५२**

# केन्द्रको कार्यक्रमहरु

| कार्यक्रम | मिति र समय | सहभागिता | विवरण |
|---|---|---|---|
| विदेशीहरुको लागि रमाईलो र उपयोगी जापानिज भाषाको कक्षा<br>जापानिज भाषा  | बिहानको कक्षा (प्रत्येक मंगलबार र शुक्रबार)<br>जनवरी १४ तारिख – मार्च १३ तारिख<br>रातिको कक्षा (प्रत्येक बुधबार)<br>जनवरी ८ तारिख – मार्च ४ तारिख | ९,३५० येन<br>पाठ्यक्रमको शुल्क अलगै लाग्ने<br>४,९५० येन<br>पाठ्यक्रमको शुल्क अलगै लाग्ने | शुरु देखि (हीरागाना देखि) माथिल्लो तह सम्मको ९ देखि ११ वटा कक्षा छ। बिहानको कक्षामा बच्चा हेरिदिने (१ वर्ष भन्दा माथिको) सुविधा छ।<br>धमाधम आवेदन लिदै ! कृपया फोटो एक प्रति (३X४cm को) लिएर आउनुहोस् । |
| विदेशी विद्यार्थीहरुको जापानिज भाषाको वक्तृत्व-कला प्रतियोगिता  | फेब्रुअरी १५ तारिख (शनिबार)<br>दिउँसो १:०० – ४:३० | **नि:शुल्क**<br>(प्रतियोगिता सकेपछिको भेटघाट तथा कुराकानी कार्यक्रममा भाग लिन अग्रिम जानकारी गराउन आवश्यक) | जापान आएको ५ बर्ष नपुगेको विदेशीहरुले जापानी भाषामा स्पीच दिन्छ।<br>भियतनामी गीत र नृत्य देखाउने कार्यक्रम पनि छ। |
| विदेशी नागरिकहरुसँग मिलेर गरिने प्राकृतिक प्रकोप व्यवस्थापन तालिम<br>मौसम खराब भए पनि संचालन गरिने | फेब्रुअरी १८ तारिख (मंगलबार)<br>बिहान १०:००<br> | **नि:शुल्क**<br>आवेदन दिनु नपर्ने | विदेशी र जापानिज नागरिकलाई एकै ठाउँमा राखेर प्राकृतिक प्रकोप व्यवस्थापन सम्बन्धि तालिम दिईन्छ। यो भूकंपीय गाडी प्रयोग गरेर ठुलो भूकम्पको अनुभव, प्राकृतिक प्रकोप सम्बन्धि जानकारी दिने फोन नम्बर "१७१" को अभ्यास, AED मेशिनको अभ्यास आदि गरिने सहभागिता मूलक तालिम हो। |
| विदेशी अथवा विदेशसँग जोडिएको बालबालिकाहरुको कक्षा "तेरकोया"  | फेब्रुअरी १, ८, २२, २९ तारिख (शनिबार)<br>मार्च ७, १४ तारिख (शनिबार)<br>बिहान १०:०० – ११:३० | **नि:शुल्क**<br>आवेदन दिनु पर्ने<br>(अभिभावकले पुर्याउन र लिन आउनु पर्ने) | जापानिज भाषा राम्ररी नआएर विद्यालयको पढाईमा समस्या परेको विदेशी अथवा विदेशसँग जोडिएको बालबालिकाहरुको लागि, जापानिज भाषा तथा विद्यालयको पढाईमा सहयोग गर्ने कक्षा हो। |
| बच्चा भएका आमा बुबाहरुले जापानको बसाई या बच्चाहरु हुर्काउने जस्ता कुराहरु सिक्ने कक्षा "निहोन्गो सारोन"  | जाडो मौसम:<br>फेब्रुअरी २१ तारिख, २८ तारिख, मार्च ४ तारिख (शुक्रबार)<br>बिहान १०:०० – ११:३० | **शुल्क:**<br>१ पटक १०० येन | बच्चासँगै भाग लिने विदेशी आमाबुबाहरुले बच्चा हुर्काउने, बच्चाको किताबहरु पढने, जापानको बसाई या आफ्नो समस्याहरु सम्बन्धि कुरागर्ने, सँगै मिलेर खाना खाई रमाइलो पनि गर्न मिल्ने कक्षा हो। |
| वसन्त ऋतुको बिदामा संचालन गरिने बच्चाहरुको विदेशी भाषाको कक्षा<br>• अंग्रेजी र स्पेनिश  | मार्च २६ तारिख (शनिबार) देखि २८ तारिख (शनिबार) सम्म | ३,३०० येन<br>(पाठ्यक्रमको शुल्क सहित)<br>फेब्रुअरीको पहिले हप्ता सम्ममा आवेदन दिनु पर्ने | विदेशी शिक्षकहरु सँग अंग्रेजी (प्राथमिक विद्यालय १ देखि ४ कक्षा) र स्पेनिश (प्राथमिक विद्यालय १ देखि ५ कक्षा) सिकौं। |

************************************************************************************************************

## [खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा]



यदि तपाईंले सोध्न चहेका केहि प्रश्नहरु भएमा अथवा समस्या परेमा सम्पर्क गर्नुहोस् । (नि: शुल्क)

* अगस्ट महिना देखि यस केन्द्रको अनुवाद सेवा बन्द गरिएको छ। अफ्ठयारो पर्न गएकोमा क्षमायाचना गर्दछौ।

• **परामर्श सेवाको समय** (१०:०० देखि १२:०० र १:०० देखि ४:००)

• **परामर्श सेवाको प्रत्यक्ष सम्पर्क नं.: ०४४-४५५-८८११**

| भाषा | बार |
|---|---|
| अंग्रेजी | सोमबार देखि शनिबार |
| पोर्तुगाली | मंगलबार र शुक्रबार |
| कोरियाली / उत्तर कोरियाली | मंगलबार र बिहीबार |
| भियतनामी | मंगलबार र शुक्रबार |
| इन्डोनेसियाली | मंगलबार र बुधबार |

| भाषा | बार |
|---|---|
| चिनियाँ | मंगलबार, बुधबार र शुक्रबार |
| स्पेनिश | मंगलबार र बुधबार |
| तागालोग | मंगलबार र बुधबार |
| थाई | सोमबार र मंगलबार |
| नेपाली | मंगलबार र शनिबार |

## * प्रशासनिक अधिकृत द्वारा नि:शुल्क परामर्श सेवा

(जापानिज भाषामा मात्र परामर्श सेवा उपलब्ध गराइने भएतापनि अन्य भाषामा अनुवाद गराई लिने व्यवस्थाको बुकिंग पनि गर्न सकिने, तर सशुल्क )

- **मिति र समय** : २०२०/ २/ १६ (आइतबार ) र २०२०/ ३/ १५ (आइतबार ) दिउँसो २:०० देखि ४:०० सम्म
- **स्थान** : खावासाकी अन्तर्राष्ट्रिय केन्द्र दोस्रो तल्ला संघको बैठक कोठा